**भूमि तथा कृषि अधिकार अभियान**

**मासिक अपडेट**

**अप्रिल, २०१८ (१८ चैत २०७४-१७ बैशाख २०७५ )**

आत्मनिर्भर केन्द्र

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्चले अप्रिल, २०१८ *(१८ चैत २०७४-१७ बैशाख, २०७५)* महिनामा गरेको गतिविधिहरुको संक्षिप्त अपडेट यस प्रतिवेदनमा समावेश गरिएको छ )

**संयुक्त पुर्जा बनाउने थपिए :**

यस महिना सिन्धुपाल्चोकमा ३९, ओखलढुङ्गामा ३७, उदयपुरमा १७, बर्दियामा १२, बाँकेमा ११, दाङ्गमा ७, सिरहामा ४, महोत्तरीमा ४, सर्लाहीमा ३, र रौतहटमा २ गरी **१३६** जोडीले संयुक्त पुर्जा निर्माण गरी ३४.२५ हेक्टर जमिनमा समान हक कायम गरेका छन् ।



*डुडुवा गाउँपालिका वडा नं. ३ बनकटवा, बाँकेका अभिनन्दन सोनार र गीता सोनारलाई संयुक्त पुर्जा हस्तान्तरण गर्दै वडा अध्यक्ष श्री भण्डारी लाल यादव ।*

## मोही हक प्राप्तः

यस महिना सर्लाहीका ५४, सिरहाका १२, दाङ्गका ९, महोत्तरीका ९, बर्दियाका ४, बाँकेका १, गरी ८९ जना मोही किसानले २७.३७ हेक्टर जग्गामा मोहियानी हक प्राप्त गरेका छन् ।

*म बाँसगढी नगरपालिका वडानं. ४ बर्दिया जिल्लाको मोही किसान हुँ । हाम्रो परिवारले तीन पुस्तादेखि साहुको जमिन जोतिरहेको थियो । मोही जग्गा बाँडफाँडका लागि निवेदन पेश गरेको एक वर्ष भन्दा बढी भईसके पनि विभिन्न बाहनामा साहुले ढिलाई गरिरहेका थिए । तर जिल्ला भूमि अधिकार मञ्च, बर्दियाको सहयोगमा हामीले मोही वापतको आधा जग्गा १३ कट्ठा १० धुर जग्गाको प्रमाण पत्र प्राप्त गर्‍यौं । हाम्रो परिवारको पनि आफ्नै स्वामित्वको जग्गा भएको छ । अब हाम्रा भावि पुस्ताले हामीले जस्तो दुख गर्नुपर्दैन भन्ने लागेको छ ।*

*-नेपाली थारु, बाँसगढी, बार्दिया ।*



## सुकुम्बासीको अनुदान सम्झौता

सिन्धुपाल्चोकको ईन्द्रावती गाउँपालिका वडा नं ५ का समशेर तामाङ्ग, विबाइ तामाङ्ग र वडा नं ६ का रोल्दे तामाङ्ग, सिंह बहादुर तामाङ्ग र हिराकाजी श्रेष्ठ, उत्तम कुमारी अमात्या श्रेष्ठ गरी जम्मा ६ जना सुकुम्बासीको पुर्ननिर्माण अनुदान सम्झौता भएको छ । अनुदान सम्झौता पश्चात उनीहरुले प्रतिपरिवार ५० हजार रुपैंयाको दरले पहिलो किस्ता प्राप्त गरेका छन् । उनीहरुको लालपुर्जा नभएर अनुदान सम्झौता भएको थिएन । वडा कार्यालयले पनि लालपुर्जा नभई अनुदान सम्झौता गर्न नमिल्ने र उनीहरुले पहिलो किस्ता प्राप्त गर्न नसक्ने जिकिर गरिरहेका थिए । यस विषयमा लालपुर्जा नभए पनि अनुदान सम्झौता गर्न मिल्ने विषयमा सरकारले तयार गरेका नीतिसहित भूमि अधिकार मञ्चले जिल्लाका सरोकारवालासँग छलफल गरेको थियो । भूमि अधिकार मञ्चको सहजीकरणमा उनीहरुले जग्गा दर्ताको लागि जिल्लास्थित पुनर्निर्माण समन्वय समितिमा निवेदन पेश गरेका थिए । निवेदन पश्चात आवश्यक प्रक्रिया पुरा गरी उनीहरुको अनुदान सम्झौता सम्पन्न भएको हो ।

## विस्थापितद्वारा जग्गा खरिद

यस महिना भुकम्पबाट विस्थापित भएका रसुवा जिल्लाका १०, सिन्धुपाल्चोकका ३३ ,धादिङका १९, रामेछापका २२, नुवकोटका ४६ गरी १३० परिवारले ३.०६५ हेक्टर जग्गा खरिद गरेका छन् । यी मध्ये १०१ परिवारको संयुक्त (श्रीमान्-श्रीमती) नाममा जग्गा रजिष्ट्रेसन पास भएको छ । जग्गा खोजी, निवेदन तथा सिफारीश पत्रहरू तयारी र जग्गा दर्ता गर्न आत्मनिर्भर सेवा केन्द्रले सहजीकरण गरेको थियो ।



## नयाँ गाउँ मञ्च थपिए

यस महिना सर्लाहीमा ७, रौतहटमा २, उदयरपुरमा १, महोत्तरीमा १ गरी ११ नयाँ गाउँ मञ्च थपिएका छन् । थपिएका नयाँ गाउँमञ्चमा **१४५** जना सदस्यहरू सङ्गठीत भएका छन् ।



## सदस्यता वितरण

यस महिना रौतहटमा ३६, सिरहामा ३२ र महोत्तरीमा १२ गरी जम्मा ८० जनालाई नयाँ सदस्यता वितरण गरिएको छ ।

## विद्यालय भवन हस्तान्तरण

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र द्वारा एक्सन एड नेपालको सहयोगमा हेलम्बु गाउँपालिका वार्ड नं २ किउल स्थित सेतीदेवि आधारभुत विद्यालय तथा भुमेश्वरी माध्यमिक विद्यालयको भवन निर्माण सम्पन्न भई हस्तान्तरण गरिएको छ ।




१२ चैत्र, २०७४ *(1 अप्रिल, 2018)* मा माननीय कानुन तथा संसदीय मामिला मन्त्री शेर.ब.तामाङ्गको प्रमुख आतिथ्य र जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकका अध्यक्ष कृष्ण गोपाल तामाङ्गको विशेष आतिथ्यमा सो विद्यालय हस्तान्तरण गरिएको हो । बि.सं. २०७२ सालको भुकम्पबाट क्षतिग्रस्त विद्यालयको पाँच कोठे भवन निर्माणसँगै स्थानीय ३०० बालबालिकालाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । समुदाय तथा विद्यालय व्यवस्थापन समितिको अगुवाईमा निर्मित भवनले पुनर्निर्माणमा समुदायको अगुवाई भएमा मात्र सफलता हासिल गर्न सक्छ भन्ने उदाहरण दिएको छ ।

## प्रकाशन

संविधान तथा विभिन्न कानुनले निर्दिष्ट गरेका स्थानीय तहका अधिकार र जिम्मेवारी, स्थानीय तहमा भूउपयोग योजना र सामुदायिक भूमि सुधार र यसको महत्वलाई समेटेर यस महिना तीन वटा हातेपुस्तक प्रकाशन गरिएको छ । प्रकाशित हाते पुस्तक सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको वेबसाइटमा राखिएको छ










।

## अनुसुची : केस स्टडी

### मोहीबाट जग्गा धनी

७८ बर्षका बुद्दि राम थारुको घर बर्दिया जिल्लाको बासँगढी नगरपालिका वडा न.४ मदाहा गाउँमा पर्छ । बुद्धि रामको परिवारमा उनकी श्रीमती, २ छोरा, २ बुहारी, नाति, नातिनीहरु गरी १३ जना सदस्य छन् । जग्गाधनी तुलसादेवी नेपाल र उर्मिला सापकोटाको नाममा रहेको ३ बिगाह ३ कट्ठा जग्गामा उनको पिताको नाममा मोही कायम थियो । उक्त जग्गामा बुद्धिराम थारुको बुबा महाविर थारुकै पालादेखि जग्गा जोतभोग गर्दै आएका थिए । बुवाको मुत्यु पश्चात बुद्धिले जग्गा जोत्दै आएका थिए । बुद्धिरामका अनुसार उब्जनी धेरै गर्न सके मात्र जग्गाधनी खुसी हुन्थे । कहिलेकाँही उब्जनी घटेर अरुबेलाको भन्दा कम उत्पादन जग्गाधनीलाई बुझाएमा तितो बचन सुन्नुपर्ने बाध्यता थियो । उनी भन्छन् - "बुबा महाविर थारुको नाममा रहेको मोही प्रमाण भएता पनि जग्गा पाउने प्रक्रिया हामीलाई केहि पनि थाहा थिएन । बुबा मोही बाँडफाँड गर्न नपाईकनै बित्नुभयो । मलाई पनि पनि ७८ बर्ष भैसक्दापनि जग्गा नपाउने चिन्ताले सताईरहन्थ्यो । तैपनि जग्गाधनीले एक दिन अवश्य जग्गा देलान् भन्ने आशामा बसेको थिएँ ।" बुद्धिरामले भने ।



बि.सं. २०७२ भूमि सम्बन्धी ऐन २०२१ छैटो संशोधन मा भयो र रोकिएको मोही जग्गा बाँडफाँड हुने व्यवस्था खुल्यो । यो व्यवस्थालाई कार्यान्वयनमा लैजान भूमिसम्बन्धी नियमहरु र मोही जग्गा बाँडफाँडको लागि निबेदन दिने र बाँडफाँड गर्ने सम्बन्धी २०७३ भदौ ६ गतेको नेपाल राजपत्रमा सुचना प्रकाशित भयो । मोहीको कार्यबिधि आएको कुरा गरीब किसानलाई थाहा थिएन । मोही जग्गा बाँडफाँड तथा नामसारीको लागि सुचना पाउनु पर्छ भन्ने उद्देश्यले जिल्ला भूमि अधिकार मञ्च, बर्दियाले बाँसगढी नगरपालिकाको गुरुबाबा एफ.एम, गुलरीया नगरपालिकाको फुलबारी एफ.एम.र राजापुर नगरपालिकाको साथी एमएमबाट मोही बाँडफाँड तथा नामसारी सम्बन्धि सुचना प्रसारण गऱ्यो ।

त्यसैगरी २०७३ असोजमा जिल्ला भूमि अधिकार मञ्च, बर्दियाले समुदायस्तरमा मोही किसान भेला र घरदैलो अभियान मार्फत मोही किसानको घरदैलोमा पुगे ।
मोही किसानहरुको सोधपुछ र भेट्ने क्रममा बाँसगढी नगरपालिका वडा न.४ मदाहा गाउँमा बुद्धिराम थारुको घरमा पुग्दा नौलो मान्छे देखेर बुद्धिराम लुके । बोल्न खोज्दा बोल्न मानेनन् । कारण थियो त्यही बेला गाउँमा सम्पती लुट्ने लुटेराहरुको बिगबिगी चलेको थियो । जिल्ला मञ्चका संयोजक होमेन्द्र थापाका अनुसार बुद्धिरामको घरपरिवारका अन्य सदस्यसंग परिचय भयो । त्यसपछि घरका छोरा, बुहारीले सम्झाए पछि मात्र बुद्धिराम नजिक आए । आत्मनिर्भर केन्द्र र जिल्ला मञ्चबाट गएको टोलीले मोही जग्गा बाँडफाँड र नामसारी सम्बन्धि सरकारले जारी गरेको सूचना र प्रक्रिया बारे बुद्धिरामका र उनका परिवारका सदस्यलाई जानकारी गरियो । प्राप्त सूचना अनुसार बुद्धिरामले मोही जग्गा बाँडफाँड तथा नामसारीको

कानुनी व्यवस्था अनुसार २०७४ साउन २१ गते मोही नामसारी र बाँडफाँडको लागि भूमि सुधार कार्यालयमा निबेदन दर्ता गराए । निवेदन दर्ता पछि पनि उनले भूमि सुधार कार्यालयमा तारिख धाउनुपर्‍यो । बाँसगढी नगरपालिका वडा न.४ मदाहादेखि गुलरिया मालपोत कार्यालय सम्मको करीव ३५ किलोमिटर सम्म पुग्नु ७८ बर्षका बुद्धिरामको लागि चुनौती नै थियो । जिल्ला भूमि अधिकार मञ्चका पदाधिकारीले जग्गाधनी, मालपोत कार्यालयका कर्मचारी र बुद्धिरामकाबीचमा छलफल गराए । निरन्तरको प्रयासपछि जग्गाधनीबाट २०७४ चैतको २६ गते मोही बाँडफाँड भयो । बुद्धि राम थारुले मोही हक बापतको आधा १ विघा ११ कट्ठा १० धुर जग्गाको लालपुर्जा लिएका छन् । तीन पुस्तादेखी जोतखन गर्दै गरिखाएको जमिनको लालपुर्जा हातमा लिएर मुस्कुराउँदै बुद्धिरामले भने, “जिल्ला भूमि अधिकार मञ्चले हामीलाई मोही जग्गा बाँडफाँडका लागि सहयोग नगरेको भए हामी जग्गाधनी बन्न सक्ने थिएनौं । अब यो जग्गाबाट हामी आयआर्जनका उपायको खोजी गर्छौं ।”

◈◈◈